# इलाम नगरपालिका
# स्थानीय राजपत्र

**खण्ड : ८** **सङ्ख्या : ८** **मिति : २०८१/१०/९**

**भाग-२**

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित **टोल विकास संस्था गठन तथा परिचालन (दोस्रो संशोधन) कार्यविधि, २०८१** सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## इलाम नगरपालिका
## टोल विकास संस्था गठन तथा परिचालन (दोस्रो संशोधन) कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/१०/९**
**प्रमाणीकरण मिति : २०८१/१०/९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७९।११।२९ मा स्वीकृत टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ मिति २०८०।९।२९ मा पहिलो संशोधन भई कार्यान्वयन भइरहेको सन्दर्भमा सो कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **टोल विकास संस्था गठन तथा परिचालन (दोस्रो संशोधन) कार्यविधि २०८१** नगर कार्यपालिकाको मिति २०८१/१०/०९ को निर्णयबाट जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम टोल विकास संस्था गठन तथा परिचालन (दोस्रो संशोधन) कार्यविधि, २०८१ रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. अनुसूची १ को दफा १ को १.१ घ पछि देहाय अनुसार घ१ थप गर्ने ।
घ१ टोल विकास संस्थाको कार्यक्षेत्र निम्न अनुसार हुनेछ :
पूर्व :
पश्चिम :
उत्तर :
दक्षिण

३. अनुसूची १ को दफा ३ ख पछि देहाय अनुसार दफा ख१ र दफा ३घ पछि दफा घ१ थप गर्ने

ख१ टोल विकास संस्थाको छाप अनुसूची-४ बमोजिम हुनेछ

घ१ टोल विकास संस्थाका संस्थापक पदाधिकारीहरुको नामावली अनुसूची ५ बमोजिम हुनेछ ।

| क्र.सं. | नामथर | सम्पर्क नम्बर | फोटो |
|---|---|---|---|

अनुसूची ४
संस्थाको छापको विवरण

गोलो घेरामा इलाम नगरपालिका, ........................ टोल विकास संस्था, इलाम नगरपालिका वडा नं....... रहनेछ ।

**आज्ञाले**
गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत